मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १३१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १६ गते सोमबार (Monday, 30 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## न्युजिल्याण्ड पठाउँछु भन्दै ठगी

**काठमाडौँ, चैत १५।** न्युजिल्याण्ड पठाउँछु भनेर ठगेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा ललितपुरको गोदावरी नगरपालिका-१९ घर भएका ३८ वर्षीय रिजेन नगरकोटी छन्। चैत १३ मा उनलाई ललितपुरको चापागाउँबाट पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी मनोहर भट्टले जानकारी दिए।

आकर्षक तलब पाउने गरी दुई जनालाई न्युजिल्याण्ड पठाउँछु भनेर उनले १६ लाख ३० हजार रकम लिएर

(बाँकी अन्तिम पृष्ठमा)

# ओली–लेखक पाँच दिन हिरासतमा रहने

### पक्राउविरुद्ध बन्दीप्रत्यक्षीकरणको रिट



**झापा, चैत १५।** नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई थुनामा राखेर अनुसन्धान अघि बढाउन अदालतले आदेश दिएको छ।

आइतबार जिल्ला अदालत काठमाडौंका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले ५ दिन म्याद थपको अनुमति दिएको दीपककुमार श्रेष्ठले जानकारी दिए। उनीहरूलाई ५ दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन सरकारी वकिलले माग गरेका थिए।

गत २३ र २४ भदौमा जेन-जी आन्दोलन भएको थियो। उक्त आन्दोलनमा दमन भएको थियो। जेन-जी आन्दोलनको बेला एमालेका अध्यक्ष ओली प्रधानमन्त्री थिए भने कांग्रेस नेता रमेश लेखक गृहमन्त्री थिए। उक्त आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले ओली-लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो।

उक्त सिफारिसका आधारमा जरुरी पक्राउ पुर्जी जारी गरेर शनिबार बिहान ओली-लेखकलाई पक्राउ गरिएको थियो। आइतवार अदालतमा लेखक आफैँ उपस्थित भएका थिए भने ओली बिरामी भएका कारण त्रिवि शिक्षण अस्पतालमार्फत भर्चुअल उपस्थित भएका थिए।

त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउबिरुद्ध सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर भएको छ।

अध्यक्ष ओलीकी पत्नी राधिका शाक्यले उनलाई गैरकानूनी थुनामा राखिएकाले थुनामुक्त गर्न माग गर्दै सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी हुन्। उक्त रिटमा आज सोमवार सुनुवाइ हुने भएको छ। सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार पूर्वगृहमन्त्री लेखकलाई गैरकानूनी रुपमा थुनामा राखिएको जिकिर गरिएको रिटको सुनुवाइ पनि भोलि नै हुनेछ।

**एमाले अध्यक्ष ओली चिकित्सकको निगरानीमा**

हृदयको धडकन असामान्य भएको समस्याका साथ

(बाँकी अन्तिम पृष्ठमा)

## 'हाइ प्रोफाइल' जुवा खालमा छापा

### जनप्रतिनिधिसहित ९ जना पक्राउ

**मोरङ, जेठ १५।** मोरङको विराटनगर महानगरपालिका-२स्थित एक निजी घरमा सञ्चालन भइरहेको जुवा खालमा प्रहरीले छापा मारेर एक जना जनप्रतिनिधिसहित ९ जनालाई पक्राउ गरेको छ। शनिबार राति वंशी राठीको घरमा पुगेको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा मारवाडी समुदायका स्थापित व्यवसायी तथा स्थानीय जनप्रतिनिधि रहेका छन्। प्रहरीका अनुसार शेरसिंह दुगड, सुशील मुन्दडा, राजबिहारी बिहानी, पवन शर्मा, बासु राठी, महेश राठी, बजरङ्ग राठी, विनीतलाल लालबनी र बलराम खत्री रहेका छन्। दुगड विराटनगर-२का निर्वाचित वडासदस्य हुन्।

जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी लीलाराज लामिछानेका अनुसार जुवाखालबाट ९२ हजार ६ सय ४५ रुपैयाँ नगद बरामद भएको छ। घटनास्थलबाट पाँच बुक तास र हारजितको हिसाब राखिएको डायरी समेत फेला परेको प्रहरीले जनाएको छ।

घटनामा ठूला व्यापारिक घरानाका व्यक्तिहरू संलग्न रहेको र 'हाइ प्रोफाइल' जुवाखाल रहेको भनिए पनि बरामद रकम न्यून देखिएको भन्दै प्रश्न उठेको छ। जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख कवित कटवालले सूचना ठूलो रकमको जुवा भइरहेको भन्ने आए पनि खानतलासीका क्रममा सीमित रकम मात्रै भेटिएको बताए। सूचना ठूलो खेलको थियो, तर बरामद हुँदा ९२ हजार मात्र देखियो- उनले भने।

यद्यपि स्रोतहरूले प्रतिष्ठित व्यवसायीहरूको खेलमा लाखौँ रुपैयाँको दाउ हुने गरेको दाबी गर्दै प्रहरीले बरामद रकम कम देखाएको आशंका गरेका छन्। प्रहरीले भने यस्तो आरोप अस्वीकार गर्दै घटनास्थलमा भेटिएको वस्तु मात्र सार्वजनिक गरिएको दावी गरेको छ।

## बेटिङ एप र वेबसाइट बन्द गर्न निर्देशन



**काठमाडौँ, चैत १५।** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अनलाइन सट्टेबाजी एप 'बेटिङ एप' २४ घण्टाभित्र बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको छ।

सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको अध्यक्षतामा आइतवार मन्त्रालयका सचिवसहित महाशाखा प्रमुखहरुसँगको बैठकमा मन्त्री तिमिल्सिनाले बेटिङ एप र त्यससम्बन्धी वेबसाइट बन्द गर्न निर्देशन दिएका हुन्। यो निर्देशनसँगै प्राधिकरणले बेटिङ बन्द गर्ने प्रक्रिया शुरु गरेको छ। बेटिङ बन्दका लागि 'अपरेटर्स' हरुलाई निर्देशन दिएर बन्द कार्य शुरु भइसकेको प्राधिकरणका सहायक प्रवक्ता डा. प्रदीप पौड्यालले जानकारी दिए।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकले अवैध रूपमा सञ्चालित अनलाइन बेटिङ बन्द गर्ने निर्णय गरेको थियो। त्यसलगत्तै सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालय र सम्बद्ध निकायसँग छलफल गरी तत्कालै 'एक्सन' लिएका थिए। मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीमार्फत सरकारले देशभित्र सञ्चालित सबै सट्टेबाजी एप र वेबसाइटलाई २४ घण्टाभित्रै पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको थियो।

अवैध आर्थिक कारोबार र पुँजी पलायनलाई रोक्ने उद्देश्यले सरकारले यस्तो निर्णय गरेको जनाइएको छ। कार्यसूचीको ४२ नम्बर बुँदामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सट्टेबाजी एप (बेटिङ एप) र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्न निर्देशन दिइएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## अनियमितताको आरोपमा यातायात प्रमुख तानिए

**इटहरी, चैत १५।** सुनसरीको इटहरीस्थित यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमति-पत्र)का प्रमुख एवम् नवौं तहका अधिकृत सतिश सत्याललाई आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशीले तानेको छ।

स्वास्थ्य परीक्षणमा अनुत्तीर्ण भएकालाई उत्तीर्ण गराएको आरोप लागेपछि उनीमाथि छानबिन अघि बढाइएको थियो।

मन्त्रालयका सचिव आस्मान तामाङका अनुसार बिहीबारको निर्णय अनुसार सत्याललाई मन्त्रालय तानिएको हो। हाल उनी मन्त्रालयमा हाजिर मात्र गरिरहेका छन् भने उनलाई कुनै जिम्मेवारी तोकिएको छैन। मन्त्रालयले गरेको छड्के



अनुगमनका क्रममा लाइसेन्सको स्वास्थ्य परीक्षणमा फेल भएकालाई पास गराइएको भेटिएपछि उनलाई जिम्मेवारीबाट हटाइएको सचिव तामाङले बताए। उनका अनुसार यस विषयमा लिखित तथा मौखिक गुनासो बढ्दै गएपछि मन्त्री इन्द्रमणि पराजुलीसम्म विषय पुगेको थियो। त्यसपछि अनुगमन गर्दा अनियमितता पुष्टि भएको मन्त्रालयले दावी गरेको छ।

अनुगमन टोलीले सत्यालको कार्यकक्षको दराज समेत सिल गरेको छ। स्रोतका अनुसार यसअघि पनि उनलाई मौखिक रूपमा सचेत गराइएको थियो। तर, सुधार नदेखिएपछि कडाइका साथ कारबाही प्रक्रिया अघि बढाइएको जनाइएको छ। लाइसेन्स लिँदा वा नवीकरण गर्दा अनिवार्य स्वास्थ्य परीक्षणमा अनुत्तीर्ण भएकालाई आर्थिक लाभ लिएर उत्तीर्ण गराउने आरोप सत्यालमाथि

(बाँकी अन्तिम पृष्ठमा)

## दुहबीमा आधुनिक फोहोर प्रशोधन केन्द्र

**सुनसरी, चैत १५।** सुनसरीको दुहबी नगरपालिकामा फोहोर व्यवस्थापनलाई दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्यसहित आधुनिक फोहोर प्रशोधन केन्द्र (वेस्ट म्यानेजमेन्ट सेन्टर) निर्माण कार्य शुरु गरिएको छ।

नगरपालिकाले आइतबार आयोजित एक कार्यक्रमका बीच उक्त परियोजनाको शिलान्यास गरेको हो। दुहबी नगरपालिकाका प्रमुख वेदनारायण गच्छदार र भारतीय राजदूतावासका प्रथम सचिव नारायण सिंहले संयुक्त रूपमा फोहोर प्रशोधन केन्द्रको शिलान्यास गरेका हुन्।



'कन्स्ट्रक्सन अफ वेस्ट म्यानेजमेन्ट सेन्टर विथ मटेरियल रिकभरी फ्यासिलिटी एण्ड इक्विपमेन्ट सप्लाई' नाम दिइएको सो परियोजना भारतीय दूतावास र दुहबी नगरपालिकाको सहकार्यमा सञ्चालन हुन लागेको हो। दुहवी-४ मा निर्माण शुरु भएको केन्द्रमार्फत नगर क्षेत्रमा बढ्दो फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउने लक्ष्य राखिएको छ।

परियोजना आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## नाबालिका कुटपिट गर्ने तीन जना पक्राउ



**सुनसरी, चैत १५।** सामाजिक सञ्जालमा सार्वजनिक भएको एक भिडियोका आधारमा सुनसरीको बराहक्षेत्र क्षेत्रमा एक नाबालिकामाथि भएको कुटपिटको घटनामा संलग्न तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

गतचैत १२ गते विभिन्न सामाजिक सञ्जालमा बराहक्षेत्र नगरपालिका-२स्थित पुनर्वासको वाइस बिघे जंगलमा १३ वर्षीया नाबालिकामाथि निर्घात कुटपिट गरिएको भिडियो सार्वजनिक भएको थियो। सोही घटनालाई गम्भीर रूपमा लिएर इलाका प्रहरी कार्यालय महेन्द्रनगर, सुनसरीबाट खटिएको प्रहरी टोलीले अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

अनुसन्धानका क्रममा घटनामा संलग्न रहेको आरोपमा बराहक्षेत्र नगरपालिका-२ नहरचौक बस्ने २१ वर्षीय सुदिन राई, २० वर्षीय निशान राई र एक १७ वर्षीय नाबालकलाई क्रमशः चैत १३, १४ र १५ गते नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ परेका तीनै जनाबिरुद्ध बालबालिकाविरुद्धको कसूर अन्तर्गत मुद्दा दर्ता गरिएको छ।

उनीहरुलाई आइतवार जिल्ला अदालत सुनसरीबाट पाँच दिनको म्याद थप अनुमति प्राप्त भएको र थप अनुसन्धान कार्य जारी रहेको प्रहरीले जानकारी दिएको छ।

## पूर्वप्रधानमन्त्रीबिरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान भएकै हो ?



**झापा, चैत १५।** तीन पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्ध सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान थालिएको विभिन्न सञ्चारमाध्यमहरूले जनाएका छन्।

प्रमुख अनलाइन सञ्चारमाध्यमहरूले विभिन्न स्रोतहरूलाई उद्धृत गर्दै त्यस्तो समाचार प्रकाशित गरेका हुन्। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले त्यसको निम्ति नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) लाई सहयोगको निम्ति पत्र पठाएको ती समाचारहरूमा जनाइएको छ। पूर्वऊर्जामन्त्री तथा नेपाली कांग्रेसका नेता दीपक खड्का पक्राउ परेपछि त्यस्ता समाचारहरू आइरहेका छन्। नेता खड्कालाई सीआईबीले पक्राउ गरेको हो।

**सीआईबी प्रमुख केसीलाई 'जानकारी छैन'**

गृहमन्त्री सुधन गुरुङले फेसबुकमार्फत् खड्कालाई दिइएको पक्राउ पुर्जी सार्वजनिक गरेका छन्। त्यसमा 'तपाईँलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नुपरेकोले' पक्राउ पुर्जी जारी गरिएको उल्लेख छ।

सीआईबी प्रमुख रहेका प्रहरी अतिरिक्त महानिरीक्षक मनोजकुमार केसीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सहयोग मागेअनुसार सीआईबीले उनलाई पक्राउ गरेको जानकारी दिए। सम्पत्ति शुद्धीकरण विभागले सहयोग मागेकाले हामीले सहयोग गरेका हौँ- उनले भने।

तीन पूर्वप्रधानमन्त्रीहरूविरुद्ध अनुसन्धान गर्न पनि विभागले सीआईबीलाई पत्र पठाएको समाचारहरूमा जनाइएको छ। त्यसमा उक्त पत्रपछि ती नेताहरूको सम्पत्ति र आम्दानीको स्रोतलगायतका विषयमा अनुसन्धान अघि बढाइएको उल्लेख गरिएको छ। तर, सीआईबी प्रमुख केसीले भने- मलाई अरूले पनि सोध्नुभएको थियो, तीन पूर्वप्रधानमन्त्रीहरूबारेको पत्रका सम्बन्धमा मलाई जानकारी छैन।

**'छानबिन पहिल्यैदेखि'**

जेन-जी आन्दोलनका क्रममा तीन जना पूर्वप्रधानमन्त्रीको निवासमा आगजनी गरिएको

(बाँकी अन्तिम पृष्ठमा)

**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**



**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ। इच्छुकले सिधा सम्पर्क गर्नुहोला।**

**सम्पर्क : ९७०७११९५५७ Whatsapp: ९८५२६७२५९६**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# ओली-लेखक पक्राउबिरुद्ध झापामा एमालेको बिरोध

## प्रशासनमार्फत ज्ञापन-पत्र




**झापा, चैत १५।** तत्कालीन प्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउको विरोधमा एमाले झापाले सरकारलाई ज्ञापन-पत्र बुझाएको छ।

जिल्ला सदरमुकाम चन्द्रगढीमा आइतबार र्‍याली निकाल्दै एमाले नेता-कार्यकर्ताहरू जिल्ला प्रशासन कार्यालय झापा पुगेका थिए। सो क्रममा पार्टीका जिल्ला अध्यक्ष प्रेमबहादुर गिरीले प्रमुख जिल्ला अधिकारी शिवराम गेलालमार्फत सरकारलाई विरोध पत्र बुझाएका हुन्।

ओली र लेखकलाई पक्राउ गरेसँगै एमालेले देशभर सडक संघर्ष शुरु गरेको छ। पार्टीको केन्द्रीय निर्णयअनुसार सबै जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई बिरोध-पत्र बुझाउने कार्यक्रम तय गरिएको थियो। सोही कार्यक्रम अन्तर्गत झापामा पनि ज्ञापन-पत्र पेश गरिएको एमाले जिल्ला कमिटीले जनाएको छ।

सरकारले भदौ २३ र २४ गतेका घटनाको छानबिनका लागि गठित जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेपछि सोही आधारमा प्रहरीले दुवै नेतालाई पक्राउ गरेको हो। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले उक्त प्रतिवेदन कार्यान्वयनलाई प्राथमिकतामा राखेको जनाएको छ। एमालेले भने पक्राउलाई राजनीतिक पूर्वाग्रहपूर्ण भन्दै तत्काल रिहाइको माग गर्दै आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएको छ।

# सडक अवरुद्ध

**संखुवासभा, चैत १५।** संखुवासभाको कोशी राजमार्ग अन्तर्गत खाँदबारी-किमाथाङ्का सडक खण्डको भोटखोलामा खसेको पहिरोका कारण सडक अवरुद्ध भएको छ।

उत्तर-दक्षिण कोशी सडक-खण्डको भोटखोला गाउँपालिका-४ छोङ्राङमा पहिरो खस्दा खाँदबारी-किमाथाङ्का सडकखण्डको छोङराङमा सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए। पहिरो हटाउन उत्तरदक्षिण कोशी सडक कार्यालय तथा स्थानीय तहसँग समन्वय भइरहेको प्रहरी नायब उपरीक्षक मैनालीले बताए।

# १२ टन चकलेट चोरी

**काठमाडौं, चैत १५।** स्वीट्जरल्याण्डस्थित बहुराष्ट्रिय खाद्य कम्पनी 'नेस्ले' ले करिब १२ टन अर्थात् ४ लाख १३ हजारभन्दा बढी किटक्याट चकलेट चोरी भएको जनाएको छ।

यी चकलेटहरू इटालीमा उत्पादन भएर पोल्याण्डतर्फ लैजाँदै गर्दा बाटोमै हराएका हुन्। कम्पनीका अनुसार चकलेट बोकेको सवारीसाधनसहित सम्पूर्ण सामान अझै फेला परेको छैन।

उक्त चकलेटहरू युरोपभर वितरणका लागि पठाइएका थिए, तर बीच बाटोमै हराएपछि ती अवैध बजारमार्फत बिक्री हुन सक्ने आशङ्का गरिएको छ। कम्पनीले प्रत्येक चकलेटमा रहेको विशेष ब्याच नम्बरमार्फत ती सामान पहिचान गर्न सकिने जनाएको छ। उपभोक्ता, खुद्रा विक्रेता र थोक व्यापारीहरूले उक्त नम्बर स्क्यान गरेर चोरी भएको चकलेट हो वा होइन भनेर सजिलै थाहा पाउन सक्नेछन्।

कम्पनीले यस्तो प्रकारको ढुवानी चोरी बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै यो घटना सार्वजनिक गरेको जनाएको छ। उनीहरूका अनुसार पछिल्लो समय सङ्गठित रूपमा गरिने चोरीका तरिकाहरू झन् जटिल हुँदै गएका छन्, जसले ठूला मात्र होइन साना व्यवसायहरूलाई पनि असर पारिरहेको छ।

# लापसे/मापसे गर्ने ७ जना चालक कारबाहीमा

**सुनसरी, चैत १५।** सडक सुरक्षा सुदृढ गर्दै दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सुनसरीको धरान क्षेत्रमा सवारी चालकहरूको लागू पदार्थ सेवन (लापसे) तथा मादक पदार्थ सेवन (मापसे) परीक्षण गर्दा ७ जना पक्राउ परेका छन्।


धरानको तीनकुनेस्थित कोशी लोकमार्गमा सञ्चालन गरिएको चेकजाँचका क्रममा विभिन्न सवारी साधनका चालकहरूको लागू तथा मादक पदार्थ सेवन परीक्षण गरिएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रहरी उपरीक्षक दीपक गिरीले जानकारी दिए।

उनका अनुसार आइतबार ३२ जना चालकको लागूपदार्थ सेवन परीक्षण गरिएकोमा ६ जना चालकमा लागूपदार्थ सेवन गरेको पुष्टि भएको छ। जसमा दुई



जना अटो चालक र चार जना बस चालक रहेका छन्। त्यस्तै, एक जना मोटरसाइकल चालकमा मादकपदार्थ सेवन गरेको पाइएको छ। पक्राउ परेका ती ७ जना चालकलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि इलाका प्रहरी कार्यालय धरानमा बुझाइएको प्रहरीले जनाएको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रहरी उपरीक्षक गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रम जिल्ला ट्राफिक प्रहरी कार्यालय सुनसरीको आयोजना तथा धरान उपमहानगरपालिकाको सहकार्यमा भएको हो। ट्राफिक प्रहरीले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै सडक सुरक्षामा कडाइ गरिने जनाएको छ।



# 'पाँच पाण्डव'मा इभा गिरी

दुई सातादेखि पूर्वको झापा जिल्लामा फिल्म 'पाँच पाण्डव'को छायांकन चलिरहेको छ। बसन्त निरौलाको निर्देशनमा बनिरहेको यस फिल्ममा निर्माताले छायांकनकै क्रममा थप दुईजना कलाकार भित्र्याएका छन्।

फिल्ममा प्रशान्त ताम्राकार र इभा गिरी अनुबन्धित भएका हुन्। आइतबारबाट उनीहरूले आफ्नो भागको छायांकन शुरू गरिसकेका छन्।

छायांकन सेटबाट प्राप्त तस्वीरमा प्रशान्त जुँगासहित शिरमा टोपी लगाएर आकर्षक लुक्समा देखिएका छन्। इभालाई भने हल्का सेतो रंगको कुर्थामा देख्न सकिन्छ। निर्माण पक्षले दुवैको भूमिकाबारे भने जानकारी गराएको छैन। अभिनयको हिसाबले इभाको यो दोस्रो फिल्म हो। कन्टेन्ट क्रिएटरको रुपमा चिनिएकी उनले 'नमेटिने घाउ'बाट फिल्ममा डेब्यू गरेकी थिइन्।

नवीन श्रेष्ठ प्रस्तुतकर्ता तथा काली रानी श्रेष्ठ निर्माता रहेको यस फिल्ममा प्रशान्त र इभासहित हरिवंश आचार्य, जीतु नेपाल (मुन्द्रे), आर्यन सिग्देल, महेश त्रिपाठी, सागर लम्साल (बले), दीपाश्री निरौला, रजनी गुरुङ लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ। सुशील पौडेलको कथा, पटकथा तथा संवाद लेखन रहेको फिल्मलाई श्याम तामाङले छायांकन गरिरहेका छन्।

निर्देशक निरौलाले फिल्मको शीर्षक 'पाँच पाण्डव' भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको बताएका छन्। उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो। फिल्ममा महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव)को बिम्बलाई प्रयोग गर्दै समकालीन समाजको यथार्थ कथा भनिने उनले बताए।

# नीताले अशोकलाई लिएर 'पार्वती' बनाउने



अभिनेत्री नीता ढुंगानाको डेब्यू निर्देशनमा बन्न लागेको फिल्म 'पार्वती'मा बाल गायक अशोक दर्जीले अभिनय गर्ने भएका छन्।

आइतबार निर्माता कम्पनी नीता फिल्म्सले थिम पोस्टर सार्वजनिक गर्दै फिल्ममा अशोकको मुख्य भूमिका रहने जनाएको हो। फिल्ममा नीता स्वयम्‌को पनि अभिनय रहनेछ। नीता र अशोकले यसअघि फिल्म 'मन बिनाको धन'मा सँगै काम गरेका थिए।

फिल्ममा नीता र अशोकसहित दीपाश्री निरौला, सिरु बिष्ट, राधिका कँडेल, राज पंगेनी शर्मा, राजेन्द्र नेपाली, आशा पौडेल लगायतको पनि अभिनय रहने जनाइएको छ। यही चैत २४ गतेबाट छायांकन शुरु हुने यस फिल्मलाई रक्षाबन्धनको अवसर पारेर भदौ १२ गते प्रदर्शन गर्ने निधो समेत गरिएको छ। यही मितिमा अर्को फिल्म 'बेहुली' पनि प्रदर्शनमा आउँदैछ।

निर्देशक ढुंगाना स्वयम्‌को कथा तथा पटकथा लेखन रहेको यस फिल्मको संवाद शिवम् अधिकारीले तयार पारेका हुन्। सुदीप बरालको छायांकन तथा साहिल खानको सम्पादन रहने फिल्ममा डान्स ग्रुप 'कार्टुन क्रु'का सरोज अधिकारी क्रियटिभ निर्देशकको रूपमा छन्। प्रोडक्सन डिजाइनर तथा कार्यकारी निर्मातामा शंकर पाण्डे रहेका छन्।

नीताले फिल्ममा पार्वती पात्र एक्लै आफ्नै दुनियाँमा जिउने खालको रहेको बताएकी छन्। फिल्मबारे उनी भन्छिन्- 'यो हास्य, भावना र सामाजिक सन्देश मिसिएको मनछुने कथा हो, जसमा एक साधारण पात्रको नजरबाट जीवनका रंग, सम्बन्धका मिठास र संघर्षका भाव दर्शाइनेछ।' बुझिए अनुसार फिल्ममा उनी 'अटिजम' भएको युवतीको भूमिकामा देखिनेछिन्।

# 'धुरन्धर २' को नेपाल कमाइ १० करोड नाघ्यो



आदित्य धर निर्देशित बलिउड फिल्म 'धुरन्धर २' अथात् 'धुरन्धर : द रिभेन्ज' ले नेपाली बक्सअफिसमा सुखद् कमाइ गरेको छ। यो फिल्मले नेपाली बक्सअफिसमा अघिल्लो भागको कमाइलाई उछिन्ने देखिन्छ।

आइतबारसम्म रणवीर सिंह स्टारर स्पाइ-एक्सन फिल्मको कमाइ १० करोड रुपैयाँ ग्रस नाघेको छ। दिउँसो १२ बजेसम्म फिल्मले १० करोड ४७ लाख १७ हजार ८११ रुपैयाँ ग्रस कमाएको छ।

तर, यति कमाएर मात्रै यो फिल्मको लगानी उठ्दैन। नेपाली वितरकले गरेको लगानी उठाउन यसको कुल कमाइ साढे १७ करोड रुपैयाँ ग्रसभन्दा धेरै हुनुपर्छ।

दोस्रो सातामा वितरकले हलबाट पाउने सेयरको प्रतिशतमा गिरावट आउने भएकाले लगानी उठाउन सक्छ या सक्दैन भन्ने कुरा अनुमानको कुरा हो। यद्यपि, यो फिल्मले भारत र विश्वभर उछाल कमाइ गरेको छ।

## न्युजिल्याण्ड ...

सम्पर्कविहीन भएको प्रहरीको अनुसन्धानको निष्कर्ष छ। आरोपीबारे थप अनुसन्धान र कारबाहीका लागि प्रहरीले वैदेशिक रोजगार विभागमा पठाएको छ।

## पूर्वप्रधानमन्त्रीविरुद्ध ...

थियो। त्यस क्रममा देउवा र प्रचण्ड निवासमा पैसा जलेको भन्ने दाबीसहितका भिडियो र तस्बिरहरू प्रकाशमा आएका थिए।

त्यसलगत्तै अनुसन्धान थालिएको विवरणहरू आए पनि औपचारिक रूपमा कसैले पुष्टि गरेका थिएनन्। विभागका निर्देशक तथा सूचना अधिकारी जीतेन्द्र अधिकारीले पैसा जलेको विषयमा कसैको नाम नलिएरै भने- त्यो अल्लि अगाडिदेखि नै छानबिनको सिलसिलामा थियो।

किनकि उनका अनुसार कुनै पनि उजुरी वा सूचनाका आधारमा विभागले छानबिन गर्छ र त्यो अनुसन्धानको प्रारम्भिक चरण हुन्छ। समाचारहरूमा थप अनुसन्धान गर्नुपर्ने देखिएपछि विभागले सीआईबीको सहयोग मागेको उल्लेख छ। तर, विभागका निर्देशक अधिकारीले भने- (सीआईबीलाई) पत्र लेख्ने वा अरू कुरा अनुसन्धानको सिलसिलामा हुने कुरा हो, त्यो अनुसन्धान अधिकृत वा टीमले गर्ने कुरा हो, मलाई पत्र लेखेको कुरा थाहा छैन।

सीआईबीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले पनि 'आफ्नो जानकारीमा नभएको' जबाफ दिए। कतिपय अधिकारीहरूले अनौपचारिक कुराकानीमा 'अहिलेको संवेदनशील र परिवर्तित परिस्थितिमा परिणामअघि जानकारी दिनु जोखिमपूर्ण हुने' अवस्था रहेको सुनाए।

उच्च अधिकारी वा नेताहरूविरुद्ध हल्ला चलाएर अनुसन्धान गर्ने विषय पनि होइन- एक अधिकारीले भने- यस्तो तरल अवस्थामा भए/नभएका दुवै थरी कुरा बाहिर आउने सम्भावना हुन्छ। अहिलेको खबर पनि त्यही सन्दर्भमा हेर्नुपर्ने हुन्छ। बीबीसी

## दुहवीमा ...

सिद्धार्थ दर्शन-चुरिया जेभीले ठेक्का पाएको उक्त योजनाको कूल लागत करिब १८ करोड ३५ लाख ६८ हजार रुपैयाँ रहेको प्रमुख प्रशासकीय अधिकृत सुवर्ण घिमिरेले जानकारी दिए। उनका अनुसार केन्द्र निर्माण सम्पन्न भएपछि फोहोरको वर्गीकरण, पुनःप्रयोग (रिसाइक्लिङ) र सुरक्षित व्यवस्थापन सहज हुनेछ। यसले वातावरण संरक्षणसँगै नगरको सरसफाईमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

यसअघि गतकात्तिक महिनामा परियोजनाका लागि भारत सरकारको सोही रकम बराबरको लगानी सुनिश्चित गर्दै त्रिपक्षीय सम्झौता भएको थियो। उक्त सम्झौतामा नेपाल सरकारको अर्थ मन्त्रालय, भारतीय राजदूतावास र दुहबी नगरपालिकाको सहभागिता रहेको थियो।

नगरप्रमुख गच्छदारले २०४६ सालपछि पहिलोपटक दुहबीमा यति ठूलो विदेशी लगानी आएको उल्लेख गर्दै यसलाई नगरका लागि ऐतिहासिक उपलब्धि भएको बताए। उनले यस्तो परियोजनाले आगामी दिनमा अन्य क्षेत्रहरूमा पनि विदेशी लगानी भित्र्याउने बाटो खुल्ने विश्वास व्यक्त गरे। विकासका लागि सरकार मात्र होइन, विदेशी लगानी र निजी क्षेत्रको सहकार्य पनि उत्तिकै आवश्यक छ- उनले भने- यो साझेदारीले दुहबीको फोहोर व्यवस्थापनमा नयाँ अध्याय शुरु गर्नेछ।

भारतीय राजदूतावासका प्रथम सचिव सिंहले उक्त परियोजना उच्च प्रभावकारी सामुदायिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन गर्न लागिएको जानकारी दिए।

## अनियमितताको ...

लागेको छ। तर, उनले भने आरोप अस्वीकार गरेका छन्। सेवाग्राहीलाई सहज बनाउन 'रिचेक' (पुनः परीक्षण) लेखिदिने गरेको र त्यसैलाई आधार बनाएर गलत आरोप लगाइएको उनको जिकिर छ।

यातायात कार्यालयमा स्वास्थ्य परीक्षण सम्बन्धी अनियमितता बढेपछि मन्त्रालयले आफ्नै चिकित्सक खटाउने व्यवस्था मिलाएको थियो। सोही अनुसार झापाको बिर्तामोडमा २, इटहरीमा २ र बिराटनगरमा १ जना विशेषज्ञ चिकित्सक नियुक्त गरिएको छ।

यसैबीच, मन्त्रालयले उर्मिला निरौलाको संयोजकत्वमा ५ सदस्यीय छानविन समिति गठन गरेको छ। समितिलाई दुई साताभित्र प्रतिवेदन बुझाउन समय दिइएको छ। सचिव तामाङका अनुसार समितिको प्रतिवेदनका आधारमा थप कारबाही अघि बढाइनेछ। सत्याललाई मन्त्रालय तानिएपछि वरिष्ठ शाखा अधिकृत सुभाष कार्कीलाई इटहरीस्थित कार्यालयको निमित्त प्रमुखको जिम्मेवारी दिइएको छ।

## ओली-लेखक ...

शनिबार अस्पताल भर्ना भएका पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली चिकित्सकको निगरानीमा छन्।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले अध्यक्ष ओलीको स्वास्थ्यस्थितिबारे एक विज्ञप्ति जारी गर्दै उनी चिकित्सकको अवलोकन एवम् निगरानीमा रहेको जनाएको छ। हाम्रो चिकित्सक टोलीद्वारा उपचार व्यवस्थापन भइरहेको अस्पतालले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

## वेटिङ ...

बैठकमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले मन्त्रालयले जनतालाई तत्कालै प्रदान गर्न सकिने सेवाबारे कार्ययोजना पेश गर्न महाशाखा प्रमुखलाई निर्देशन दिएका छन्। उनले उपलब्ध स्रोतसाधनको अधिकतम् प्रयोग गर्दै सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आग्रह गरे।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले 'डिजिटल शासन र डेटा गभर्नेन्स'मा फोकस भएर समन्वयात्मक पद्दतिबाट जनताले प्रत्यक्ष लाभ पाउनेगरी काम गर्नुपर्नेमा जोड दिए। मन्त्रालयले गर्ने कामको दैनिक रिपोर्टिङ र समीक्षा गर्ने तथा मासिक रुपमा मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई रिपोर्टिङ गर्ने प्रणालीको विकास गरिने उनको भनाइ छ।

**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. १३ बस्ने श्री पूजा राईले निजको नाममा दर्ता रहेको साविक दुहागढी-४ हाल मेचीनगर-१३ स्थित चारआली टोल साई मार्गमा पर्ने कि.नं. २१९४ क्षेत्रफल ०-०-७.५ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री टीकाराम कार्की मिति २०८२/१२/०१ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल


| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
| --- | --- | --- | --- |
| १ | साविक दुवागढी-४<br>हाल मेचीनगर-१३<br>कि.नं. २१९४<br>क्षेत्रफल ०-०-७.५ | लम्बाई १००६० मिटर<br>चौडाई ७९२३ मिटर<br>उचाई ८०५१ मिटर<br>क्षेत्रफल १५७.४६ मिटर | पूर्व श्री टीकाराम कार्की<br>पश्चिम श्री सविना बजगाई<br>उत्तर श्री शरद शिवाकोटी<br>दक्षिण श्री पिचबाटो |

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा


- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

**वरिष्ठ मुटु रोग विशेषज्ञ**



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरु
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### वर्षा पीडितलाई राहतको खाँचो

**झापामा यही शुक्रबार राति आएको हावाहुरी र बेमौसमी वर्षाले ठूलो क्षति पुर्‍याएको छ । हावाहुरीले विभिन्न ठाउँका घर तथा घरसँगैका अन्य संरचनाहरुमा क्षति पुग्दा स्थानीयको लाखौं रुपैयाँ बराबरको दक्षिणी झापाका इँटा उद्योगमा करोडौंको नोक्सानी भएको छ । झापा जिल्लाको गौरादह, मेचीनगर नगरपालिका, भद्रपुर नगरपालिका–३ मा हावाहुरीले स्थानीयका घर, ग्वालीका साथै उनीहरुले पालेका पशुपंक्षीमा समेत क्षति पुगेको छ । त्यस्तै झापाको कचनकबलमा सञ्चालित इँटा उद्योगमा बेमौसमी वर्षाले तयारी गर्दै गरेको काँचो इँटा नष्ट भएको छ ।**

**जिल्लामा चौबीस वटा इँटा उद्योग सञ्चालनमा छन् । विभिन्न पालिकामा रहेका ती उद्योगमा अहिलेको बेमौसमी वर्षा र हावाहुरीले एक करोड रुपैयाँभन्दा बढीको क्षति पुर्‍याएको छ । उद्योगका अनुसार एउटा काँचो इँटा उत्पादन गर्न पाँच रुपैयाँसम्म खर्च लाग्छ । प्रति उद्योगमा तीनदेखि बाह्र लाखसम्म इँटा तयारी गरिन्छ । यस हिसाबले सबै उद्योगको गरी करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको इँटा उद्योग संघका जिल्ला सचिव विष्णु घिमिरेले जानकारी दिएका छन् ।**

**काँचो इँटा असमयको वर्षाले भिजेपछि त्यसलाई पोल्न आगोको तापक्रम बढाउनुपर्छ । तापक्रम बढाउन कोइलाको खपत बढ्छ, जसले उद्योगलाई थप आर्थिक भार पर्न जान्छ । उद्योगीका अनुसार काँचो इँटा पोल्न पुस मसान्त पर्खिनुपर्छ । भुइँमा बनाएका सुकाउने समयमा भएको वर्षाले उद्योगीका मेहनत र लगानी नष्ट हुन्छ । त्यसो त बेमौसमी वर्षाका फाइदाहरु पनि छन् । पछिल्लो समय बढ्दो प्रदूषणले स्वास्थ्य सम्बन्धी जटीलता थपिँदैछ । यस्तोमा धुलो नियन्त्रण तथा वायु प्रदूषण कम गर्न बेमौसमी वर्षाले सहयोग गर्छ ।**

**खडेरीको समयमा हुने आगलागी तथा बन डढेलोले आर्थिक क्षति हुनुका साथै प्रदूषण बढाउँछ । खडेरीको समयमा हुने बेमौसमी वर्षाले आगलागी र वन डढेलो निभाउन मद्दत पुग्छ । त्यस्तै लामो समयदेखि सुख्खा रहेको जमिनमा किसानलाई खेती तथा सिञ्चाइमा सहयोग पुग्छ । यस्तो वर्षाले कति हिमाली क्षेत्रमा हिमपात हुँदा अन्नबाली सप्रिने कारणले किसान हर्षित हुन्छन् । यस्तो अवस्थामा क्षति न्यूनीकरण र पीडितलाई राहत दिन सरकारले प्रभावकारी उपाय अपनाउनुपर्छ । कृषि तथा कृषिजन्य उद्योगमा हुने क्षतिमा राहत उपलब्ध गराउन संरक्षणको नीति अवलम्वन गर्नुपर्छ ।**

# नयाँ सरकारका चुनौती



**विपुल पोखरेल**



राष्ट्रिय स्वतन्त्र पार्टीले प्रचुर बहुमतका साथ सत्ताको बागडोर समालेको छ। लोकतन्त्रमा जनता नै सार्वभौम सत्ता सम्पन्न हुन्छन्। कसले राज गर्ने भन्ने निर्णय उनीहरूबाटै हुन्छ, यो लोकतन्त्रको प्रमुख चरित्र हो। लामो समयसम्म सत्ताको बागडोर सम्हालेका प्रतिको असन्तुष्टिलाई जनताले मतदान मार्फत अभिव्यक्त गरे, अनि नयाँ दलप्रति भारी अपेक्षा र विश्वास पनि प्रकट गरे। निर्वाचन अगाडि भूमिका, मुद्दा, क्षमतामा बहस हुने गर्छन्, फेरि पनि हुँदै गर्लान्। जनमत अनुसार दलहरू आ-आफ्नो भूमिकामा काम हो। निर्वाचनको परिणामलाई लिएर अति उत्साह, निराशा, बैराग्यता अथवा कुण्ठासहितको आक्रोश प्रदर्शन गर्ने छुट राजनीतिक दलहरूलाई हुँदैन।

नेपालले यो निर्वाचन पछाडि एउटा अभूतपूर्व अवसर पाएको छ। अस्थिरता र सौदाबाजीको राजनीतिले मुलुक आक्रान्त भइरहेको थियो। सत्ता कसरी टिकाउने र ढाल्ने भन्ने कुरा नै राजनीतिक छलफलका प्रमुख विषय बनिरहेका थिए। जनताका समस्याप्रतिको दायित्व क्रमशः ओझेल परिरहेको थियो। यो अवस्थामा स्थायी सरकारको अपेक्षा स्वाभाविक रूपमा उठिरहेको थियो। त्यसैको प्रतिक्रिया स्वरूप जनमत प्रदर्शन भएको छ। अब स्थिर सरकारलाई संविधानले तोकेको पाँच वर्ष निर्धक्कसँग काम गर्न कुनै कानूनी र राजनीतिक जटिलता हुने छैन। जनमतको बलियो जगमा उभिएर बन्ने सरकारले राजनीतिक षड्यन्त्र र शक्तिको सङ्घर्षभन्दा पर रहेर शासन सञ्चालन गर्न सक्छ। ऐतिहासिक अवसर सदुपयोग गर्दै जनअपेक्षा अनुसारको शासन व्यवस्था सञ्चालन गर्ने सन्दर्भमा कुनै कसर बाँकी राख्नु हुँदैन। त्यो छुट पनि छैन।

राजनीतिक दलले सत्ता सञ्चालनका लागि र जनतालाई शासनको लाभ प्रदान गर्न अहिले रास्वपाले पाएको जति सुविधाजनक अवसर इतिहासमा बिरलै पाउने गर्छ। त्यो अवसर प्राप्त गरेको दलले देशको तमाम क्षेत्रमा समान ध्यान दिएर सन्तुलित विकासको अवधारणा अनुसार काम गर्न कुनै कसर बाँकी नराखोस् भन्ने आमचाहना छ।

नेपालको सन्दर्भमा २०१५ सालको निर्वाचनमा योभन्दा पनि सुविधाजनक मत ल्याएर यस्तो अवसर नेपाली कांग्रेसले प्राप्त गरेको थियो। त्यो बेला नेपाली कांग्रेसले एक सय नौ मध्ये ७४ सिट ल्याएको थियो। त्यतिबेलाको सरकारले गरेका सुशासन र समावेशिताका अभ्यास अहिलेसम्म स्मरणीय मात्र होइन, अनुकरणीय नै छन्। त्यो सरकारले निर्माण गरेको सोच अनुसारको पूर्वाधार विकास र देशलाई कुन अवस्थामा पुर्‍याउने भन्ने लक्ष्य अहिले पनि पूरा हुन बाँकी छ। देशको क्षमता र विकासको गतिलाई सँगसँगै लैजान सकिएन र लोकप्रिय कार्यक्रम मात्र दिन थालियो भने त्यसले निराशा मात्र जगाउने छ भन्नेमा त्यतिबेलाको सरकार प्रस्ट थियो। १५ वर्षमा सबै नेपालीलाई मध्यम वर्गीय अवस्थामा पुर्‍याउने लक्ष्य स्पष्ट थियो।

तत्कालीन प्रधानमन्त्री वीपी कोइरालाले तत्कालीन संसद्मा सम्बोधनका क्रममा भनेका थिए, हाम्रो विकासको गतिको समीक्षा गर्दा हाम्रो अर्थतन्त्र र जनशक्तिको अनुपात मिलाएर मात्र समीक्षा गर्नुहोला।' यो ढङ्गको सन्तुलित र लक्ष्यप्रति स्पष्ट योजनासहित हिँडेको थियो नेपालको पहिलो सुविधाजनक मतादेश प्राप्त सरकार। अब दोस्रो पटक झन्डै-झन्डै त्यस्तै मतादेश पाएको सरकारले आफूलाई कसरी अगाडि बढाउँछ भन्ने सबैको चासोको विषय बनेको छ। तत्कालीन सरकारलाई राजाको चरम महत्त्वाकांक्षाले खाइदियो।

अहिलेको सरकारलाई थप सुविधा के छ भने अहिले त्यतिबेलाको राजा जस्तो कुनै शक्ति छैन, जसले यसको सफल र सबल यात्राबाट डाहा गरेर सत्ता खोस्ने कुचेष्टा गरोस्। यसरी भन्दा वीपीभन्दा पनि सुरक्षित अवस्थामा रहेर सत्ताको नेतृत्व गर्ने स्थानमा पुग्नुभएको छ, बालेन्द्र शाह। यो अवस्थाको लाभ नेपाली समाजले अनुभूति गर्ने गरी पाउनुपर्छ। यति हुँदाहुँदै पनि मतादेश प्राप्त सरकारका केही चुनौती छन्। ती चुनौतीप्रति समयमै दृष्टि पुगेन र बेवास्ता गरियो भने चुनौतीले नै घेरेर सरकार निरर्थक बन्नेछ, नागरिकमा व्यापक नैराश्यता पैदा हुनेछ। त्यतिबेला अरू कुनै शक्ति वा सन्दर्भलाई दोष दिएर पन्छिने छुट राष्ट्रिय स्वतन्त्र पार्टीलाई हुने छैन। चुनौतीलाई बुँदागत रूपमा चर्चा गरौँ।

**आन्तरिक व्यवस्थापन र एकता**

संसद्मा झन्डै दुई तिहाइको संख्या रहेको रास्वपा सबैभन्दा ठूलो पार्टी भएको छ। यो पार्टीको पहिलो चुनौती भनेको अब आफूभित्रका आकांक्षा र महत्त्वाकांक्षालाई व्यवस्थापन गर्ने हो। यहाँ निर्मम भएर भन्दा रास्वपाप्रतिको अहिलेको उर्लंदो समर्थनको एउटा ठूलो हिस्सा 'प्राप्तिको मोह'ले आकर्षित भएको हो। लाभको अपेक्षा गर्दै उभिएको त्यो समूहको चरित्र अवसर नपाउँदा चुप लागेर बस्दैन।

मन्त्री को हुने वा नहुने भन्ने सन्दर्भमा प्राप्त सूचना नै काफी छन्। ११ सयभन्दा बढी नियुक्ति खाली गराउने चर्चासँगै 'अवसरको अपेक्षा'कर्ताको संख्या पनि उत्तिकै छ। त्यति मात्रै होइन, सांसदहरूमै पनि र केन्द्रीय समितिमै पनि आपसमा 'म भन्दा उसले धेरै अवसर किन पाउने ?' भन्ने भावना जागृत हुन थाल्ने छ। पार्टी सभापति एक्लैले यी प्रश्न र झन्झटको सामना गर्दा अनि सत्ताको नेतृत्व अर्को वरिष्ठ नेताले गरिरहँदाको अवस्थामा निर्माण हुने मनोविज्ञान अर्को महत्त्वपूर्ण व्यवस्थापन गर्नुपर्ने विषय बन्ने छ।

**अनुभवको कमी**

नयाँ उदय भएको दल रास्वपा विचारका दृष्टिले उसले आफूलाई लोकतान्त्रिक शक्तिका रूपमा उभ्याउने छ। लोकतन्त्र मन्दिरमा गरिने जप जस्तो पवित्र र निरन्तरको प्रवचन मात्र होइन। यो त अभ्यास गरिने कुरा हो। रास्वपाबाट यसको अभ्यास धेरै भएको छैन। यो समस्या बनेर आइदिन सक्छ। सुधारका नाममा, तत्कालीन समस्या सम्बोधन गर्ने नाममा लोकतन्त्रका मूल्यमाथि प्रहार हुने त होइनन् ? भन्ने कोणबाट अनुभवी लोकतन्त्रवादीले मात्र सोच्न सक्छ।

अहिलेका चर्चामा आएका केही सन्दर्भलाई उदाहरण मान्ने हो भने पेसा व्यवसायीलाई सङ्गठित हुन नपाइने हो कि भनेर चिन्ता जाग्न थालिसकेको छ। सङ्गठित हुन पाउने लोकतन्त्रको आधारभूत अधिकार हो। नेपालको संविधानले समेत यो अधिकारलाई सुनिश्चित गरेको छ। अब दलीयकरण रोक्ने नाममा लोकतन्त्रको मूल्य र संविधानको व्यवस्था माथि प्रहार गर्नु कति ठिक होला ? यस्ता यावत् विषयमा सरकार सचेत भएर अगाडि बढ्नु पर्छ। यो पनि उसको चुनौती नै हो।

**अर्थतन्त्र माथिको खतरा**

विश्वमा भइरहेका लडाइँले अझै चर्को रूप देखाउने खतरा छन्। विश्वयुद्धकै रूपमा ध्रुवीकृत हुने खतरा उत्तिकै छ। यो कुराको पहिलो असर भनेको नेपाल जस्ता साना र परनिर्भर मुलुकको अर्थतन्त्रमा पर्छ। जनताले सबै विषयको विश्लेषण गर्दैनन्। सरकारले सुविधा दियो कि दिएन भनेर मात्र हेर्छन्। महँगी र आर्थिक सङ्कटका कारण जनताका तमाम अपेक्षा पूरा गर्न सक्ने स्थानमा सरकार रहने छैन।

त्यो बेला जनताबाट निराशाका साथ प्रतिक्रिया आउन थाल्ने छ। यो कुरा अर्को चुनौती हो नयाँ सरकरको। उचित व्यवस्थापन, सन्तुलित वितरण प्रणालीको विकास र भाइचाराको सम्बन्धको विस्तार बिना सङ्कटको समयमा सहज अवस्था निर्माण हुन सक्दैन। आक्रोशका साथ आगो ओकेलेर आएको रास्वपाले समाजमा भाइचारको सम्बन्ध निर्माणको दायित्वलाई पूरा गर्न सक्छ कि सक्दैन ? यो पनि अहिलेको अर्को चुनौती हो।

**विपक्षीको कुरा सुन्ने धीरता**

रास्वपाको जुन चरित्र छ, त्यसलाई हेर्दा यो कुरा नयाँ सरकारको अर्को चुनौती हो। अब विपक्षीले खबरदारी गर्छ नै। त्यसलाई सम्बोधन गर्दै जाने कि 'विगतमा तिमीहरू झनै खराब थियौं' भन्ने भाष्य निर्माणतर्फ लाग्ने ? यो विषयमा रास्वपाले कुन बाटो पकड्ला भन्ने चासो धेरैमा छ। प्रधानमन्त्रीका रूपमा स्थापित बालेन्द्र शाहको स्वभाव फरक प्रकृतिको देखिन्छ। पार्टी सभापति रवि लामिछाने पनि बेग्लै छ। दोहोरो संवाद, विरोध सुन्ने, महशुस गर्ने, सहकार्यको हात फैलाउने, मुद्दाको सम्बोधनमा तदारुकता देखाउने, यो प्रक्रियामा सबैको साथ लिने चाहना देखाउने जस्ता लोकतान्त्रिक चरित्र प्रदर्शन गर्ने सन्दर्भमा रास्वपा कसरी प्रस्तुत होला ? यो आशङ्का व्याप्त छ, जो उसका लागि चुनौती हो।

यी चुनौतीको सम्बोधन गर्ने हो भने धेरै हदसम्म सरकारले सुविधाजनक बाटो निर्माण गर्दै आफूलाई अगाडि बढाउने छ। यो बिरलै प्राप्त हुने अवसरलाई खेर जान नदिन र यो अवसरको सदुपयोग गर्न रास्वपा सरकार सफल हुनै पर्छ। यो अवसरको सदुपयोग भएन भने त्यसको प्रभाव मुलुक माथि पर्ने छ। पार्टीगत रूपमा रास्वपालाई घाटा होला, प्रतिपक्षलाई राम्रै होला भन्ने तर्क आउन सक्छन्। त्यस्तो बेला मुख मिठ्याउने अन्य शक्ति पनि भेटिन सक्छन्।

रास्वपा असफल हुँदा मुलुक पनि असफल हुनेछ र जनतामा फेरि नैराश्यता छाउने छ। सरकारका हरेक गतिविधि र निर्णय मात्रै होइन, नियतप्रति समेत जनचासोको विषय हुनेछ। प्रत्यक्ष रूपमा प्रतिपक्षी दल, पत्रकारिता, नागरिक समाज र आमजनताको निगरानीमा रहेको सरकारले विराम गर्दैन भन्ने विश्वासका साथ 'पर्खर र हेर'को स्थानमा सिङ्गो देश उभिएको छ भन्ने कुराको बोध रास्वपालाई हुनै पर्छ। गोप

# किसानले तीन हजार मुरीभन्दा बढी धान फलाएको भन्दै १८ लाख नगदसहित सम्मान

□ **युद्धबहादुर बोहोरा**



**पाँचथर, चैत १५।** पाँचथरको फाल्गुनन्द गाउँपालिकामा यस वर्ष धान उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ। आर्थिक वर्ष २०८२/०८३ मा पालिकाभित्रका ५८ जना किसानले कुल तीन हजार छ सय ८४ मुरी चार पाथी धान उत्पादन गर्दै नयाँ रेकर्ड कायम गरेका छन्। उत्पादनमा वृद्धि भएसँगै गाउँपालिकाले उत्कृष्ट कृषकलाई नगदसहित सम्मान गर्दै कृषिप्रति आकर्षण बढाउने प्रयासलाई थप सुदृढ बनाएको छ।

कार्यक्रमका बीच गाउँपालिकाले ५८ जना किसानलाई जम्मा १८ लाख रुपैयाँ नगद पुरस्कार वितरण गरेको छ। एक सय मुरीभन्दा बढी धान उत्पादन गर्ने तीन जना किसानलाई जनही ५० हजार रुपैयाँका दरले र ५० मुरीभन्दा बढी उत्पादन गर्ने ५५ जना किसानलाई जनही ३० हजार रुपैयाँका दरले पुरस्कृत भएका हुन्।

कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउने उद्देश्यले गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० देखि 'किसान सम्मान कार्यक्रम' शुरु गरेको हो। उक्त कार्यक्रमलाई नीति तथा कार्यक्रममा समावेश गरी निरन्तरता दिइँदै आएको छ। शुरुवाती वर्षमा २९ जना किसानले एक हजार सात सय ३० मुरी धान उत्पादन गरेका थिए। त्यसपछि २०८१/०८२ मा ४२ जना किसानले दुई हजार छ सय ७८ मुरी १५ पाथी उत्पादन गरे। चालू वर्षमा भने किसानको संख्या ५८ पुगेको छ भने उत्पादन पनि उल्लेखनीय रूपमा बढेको छ।

नेपाल कृषि प्रधान देश भए पनि वास्तविक किसानसम्म सरकारी सुविधा नपुग्ने, उत्पादन घट्दै जाने र खाद्यान्न आयातमा निर्भरता बढ्दै जाने समस्या देशव्यापी रूपमा देखिँदै आएको छ। तर, फाल्गुनन्द गाउँपालिकाले भने स्थानीय स्तरमै खाद्यान्न उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्ने लक्ष्यसहित योजनाबद्ध कार्यक्रम अघि बढाएको छ। यस वर्ष बाढीपहिरो जस्ता प्राकृतिक विपद्का चुनौतीबीच पनि उत्पादनमा वृद्धि हुनु किसानको मेहनत र पालिकाको नीतिगत पहलको परिणाम भएको गाउँपालिकाले जनाएको छ। गत वर्षको तुलनामा यस वर्ष किसानमा उत्साह बढेको र खेतीप्रति आकर्षण पनि उल्लेखनीय रूपमा वृद्धि भएको देखिएको छ।

गाउँपालिका अध्यक्ष बृजहाङ आङ्देम्बेका अनुसार किसान सम्मान कार्यक्रमले कृषिलाई व्यवसायीकरण गर्न महत्वपूर्ण भूमिका खेलेको छ। 'किसानलाई सम्मान र प्रोत्साहन गर्दा उत्पादन स्वतः बढ्छ भन्ने हाम्रो विश्वास हो' -उनले भने- 'यसले गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने दिशामा अघि बढाएको छ।' धान उत्पादनमा उत्कृष्ट कृषक छनोट गर्न गाउँपालिकाले 'धान उत्पादनमा उत्कृष्ट कृषक पुरस्कार कार्यविधि २०८०' लागू गरेको छ। किसानले पेश गरेको उत्पादन विवरणलाई पालिकाको प्राविधिक टोलीले खेतमै पुगेर मापन तथा प्रमाणीकरण गर्ने गरिएको प्रमुख प्रशासकीय अधिकृत देवी तुम्बापोले जानकारी दिए।

यस वर्ष वडा नम्बर ७ का युवा किसान दिप्सन चेम्जोङले दुई सय २९ मुरी १६ पाथी धान उत्पादन गर्दै प्रथम स्थान हासिल गरेका छन्। पहिलो वर्ष एक सय ६८ मुरी धान फलाएर पहिलो पुरस्कृत हुने वडा नम्बर १ निवासी मकर वहादुर तामाङले गत वर्ष भने झनै उत्पादन बढाएर एक सय ७४ मुरी फलाउने पहिलो किसान बनेका थिए। तर, यस आव २०८२/०८३ मा उत्पादन घट्न गइ एक सय ५८ मुरी सात पाथी फलाएर दोस्रो बने। ७ नम्बर वडाका तिलबहादुर चेम्जोङ एक सय ३२ मुरी १६ पाथीसहित तेस्रो स्थानमा रहेका छन्।

पहिलो वर्ष २९ जना, दोस्रो वर्ष ४२ जना हुँदै यस वर्ष ५८ जना पुरस्कृत भए, जसले निरन्तर सुधारको संकेत देखाउँछ। वडागत विवरण अनुसार १ नम्बर वडाबाट ११ जना, २ नम्बरबाट छ जना, ४ नम्बरबाट सात जना, ५ नम्बरबाट १५ जना, ६ नम्बरबाट पाँच जना र ७ नम्बरबाट १४ जना किसान पुरस्कृत भएका छन्। वडा नम्बर ३ बाहेक अन्य सबै वडाबाट उत्कृष्ट कृषक छनोट भएका छन्।

कार्यक्रममा गाउँपालिका अध्यक्ष आङ्देम्बे, उपाध्यक्ष ठाकुरसिं नेम्बाङ, प्रमुख प्रशासकीय अधिकृत तुम्बापो, कृषि शाखा प्रमुख सुगम घिमिरे, विभिन्न वडाका वडाध्यक्ष, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयवासीहरूको उपस्थिति रहेको थियो। पुरस्कृत किसानलाई नगद, प्रमाणपत्र तथा सम्मानपत्र प्रदान गरिएको थियो।

गाउँपालिकाले 'एक वडा एक उत्पादन' नीति अन्तर्गत मकै, किवी, आलु, अकबरे खुर्सानी, कोदो, कफी र सुन्तला जस्ता बालीलाई प्राथमिकतामा राख्दै कृषिको विविधिकरणमा जोड दिएको छ। साथै, किसानलाई विभिन्न अनुदान कार्यक्रम मार्फत सहयोग गर्दै आएको र निकट भविष्यमै बाली बीमा कार्यक्रम शुरु गर्ने तयारी भइरहेको उपाध्यक्ष नेम्बाङले जानकारी दिए।

गाउँपालिकाले कृषि र पर्यटनलाई सँगसँगै अगाडि बढाउने लक्ष्य लिएको छ। कृषि उत्पादन वृद्धि गर्दै कृषि पर्यटनको सम्भावना विस्तार गर्ने उद्देश्यले यस्तो कार्यक्रम शुरु गरिएको अध्यक्ष आङ्देम्बेको भनाइ छ। कार्यक्रमकै अवसरमा फाल्गुनन्द प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरूलाई नियुक्तिपत्रसहित सम्मान गरिएको थियो।

कार्यक्रम आर्थिक विकास समिति संयोजक तथा वडा नम्बर ४ का अध्यक्ष दलबहादुर नेम्वाङको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन पशुपंक्षी शाखाका कर्मचारी गोपाल घिमिरेले गरेका थिए भने कार्यक्रमको औचित्यसहित स्वागत प्रमुख प्रशासकीय अधिकृत देवी तुम्बापोले गरेका थिए।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय आएको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, विशेष काम बन्नेछ त्यसमा साथीभाइहरूले साथ दिनेछन्, आज तपाईको मनोरञ्जनमा ध्यान जानेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, तपाईलाई आज लेनदेनमा फाइदा हुनेछ, धार्मिक गतिविधि बढेर जानेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** दिन मध्यम छ, स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानाले मन प्राफुल्ल रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** शुभ समय शुरु भएको छ, स्वास्थ्य सम्बन्धी समस्या हटेर जानेछ, पशुचौपायासँग सम्बन्धित व्यापारबाट यथेश्ठ लाभ मिल्नाले मन खुशी रहने छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** बोलिको भरमा काम बन्ने योग छ, बोलिमा विचार पुर्‍याउनुहोला, मिष्ठान्न भोजनको निम्ता आउनेछ, बेलुकीपख स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** यथेष्ट धन लाभको योग छ, बोलीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग रहेको छ, मन प्रफुल्ल रहला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ।

**मिति २०८२/१२/१५ आइतबारको सुनचाँदी मूल्य**

| | |
|---|---|
| छापावाला सुन प्रति तोला | रु. २८६,०००/- |
| चाँदी प्रति तोला | रु. ४,७२०/- |



**पाथीभरा मन्दिर दर्शन गर्न जाँदै भक्तजन :** ताप्लेजुङको प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा दर्शन गर्न आएका तीर्थयात्रीका बालबालिका बोकेर मन्दिरतर्फ जाँदै सहयोगीहरु । तस्वीर : रासस

# पर्यटकको रोजाइमा रास ताल



**धरान, चैत १५।** सुनसरीमा दर्जनौं ताल तथा सिमसार क्षेत्र छन् । तर ती मध्ये सुनसरीको रामधुनी नगरपालिका-७ मा अवस्थित रास ताल पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख आकर्षण बन्दै गएको छ ।

प्राकृतिक सौन्दर्य, फराकिलो फाँट र चारकोसे झाडीको घेराबन्दीमा शान्त रूपमा फैलिएको यो तालमा दैनिक रूपमा पर्यटकको घुइँचो लाग्ने गरेको छ । अरु तालभन्दा फरक विशेषता बोकेको रास तालमा मनोरम दृश्यावलोकनसँगै दिनभर फिसिङ (माछा मार्ने) सुविधा उपलब्ध हुनु यहाँको मुख्य आकर्षण हो । यहीकारणले यहाँ दैनिक रूपमा धरान, इटहरी, विराटनगर, धनकुटा, वीरगञ्ज तथा भारतका विभिन्न स्थानबाट समेत पर्यटक यहाँ पुग्ने गरेका छन् ।

विशेषगरी वनभोजका लागि उपयुक्त मानिएको यस क्षेत्रमा एकैपटक एक सय ४५ समूहसम्मलाई व्यवस्थापन गर्न सकिने संरचना तयार गरिएको छ। पिकनिक सिजनमा दैनिक आठदेखि १० हजारभन्दा बढी पर्यटक आउने गरेका छन् भने अफसिजनमा पनि अहिले दैनिक दुई-तीन सयभन्दा बढी पर्यटकको आवतजावत हुने गरेको रास ताल व्यवस्थापन समितिका सचिव भीमबहादुर माझीले बताए । धेरैजसो पर्यटक मंसीर, पुस साथै बैशाख, जेठ महिनामा आउने गरेका छन् ।

सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत पर्ने ६१ हेक्टर क्षेत्रफल मध्ये करिब आठ हेक्टरमा फैलिएको ताललाई राष्ट्रिय विभूति इमानसिंह चेम्जोङसँग जोडेर २०७१ सालदेखि स्थानीय पहलमा पर्यटकीय नमूना क्षेत्रका रूपमा विकास गर्न थालिएको हो । कोशी प्रदेश पर्यटन मन्त्रालयले २०७७/०७८ को बजेट अन्तर्गत विनियोजित रु. ८० लाखबाट यहाँ भ्यूटावर, इमानसिंह चेम्जोङको सालिक निर्माण तथा २९ हेक्टर क्षेत्रमा तारबार गरिएको समितिले जनाएको छ । साथै, एक सयभन्दा बढी जातजातिको प्रतिनिधित्व हुने नमूना मठमन्दिर, सांस्कृतिक झाँकीसहित मेला लाग्ने तथा सग्रहालय समेत निर्माण गरिएको छ ।

समितिका सचिव माझीका अनुसार यहाँ रु. तीन सय शुल्क तिरेपछि बिहान ६:०० देखि बेलुका ६:०० बजेसम्म माछा मार्न पाइन्छ । पर्यटकले दिनभरमा समातेको माछा आफैं लैजान पाउँछन्, कतिपयले १० केजीसम्म माछा समातेका छन् । तालमा कमलकार, ग्रास, रहु, नौनी लगायत सात प्रजातिका माछा पाइन्छन् । यस तालमा घुम्न आउने पर्यटकले बोटिङको सुविधा लिन सक्नेछन् भने चिडियाघरमा खरायो, हुचिल, चिल, बाँदर, अजिङ्गर लगायत जीवजनावर अवलोकन गर्न सक्ने सचिव माझीले जानकारी दिए ।

यस क्षेत्रलाई थप आकर्षक बनाउन तालको बीचमा करिब रु. १५ लाख लागतमा टापु निर्माण गरिएको छ भने तीनवटा काठका पुलमार्फत वारपार गर्न सकिने व्यवस्था मिलाइएको छ । साथै, तराई क्षेत्रमा दुर्लभ मानिने सल्ला तथा सिरिसका बिरुवा रोपेर वातावरणीय सौन्दर्य थपिएको छ । करिब रु २५ लाख लागतमा मुख्य प्रवेशद्वार तथा ट्री हाउस समेत निर्माण गरिएको छ, जहाँबाट सम्पूर्ण तालको दृश्यावलोकन गर्न सकिन्छ ।

पिकनिक तथा बोटिङबाट वार्षिक रूपमा रु. छदेखि सात लाखसम्म आम्दानी हुने गरेको समितिको भनाइ छ । उक्त आम्दानीले ताल संरक्षण तथा पूर्वाधार विकासमा खर्च गरिँदै आएको छ । स्थानीय व्यापारीका अनुसार पर्यटकको आगमनसँगै आसपासका खाजा, नास्ता पसल तथा अन्य व्यवसाय समेत चलायमान भएका छन् । बजेट अभावका कारण केही पूर्वाधार निर्माण अझै अधुरो रहेकाले प्रदेश तथा स्थानीय सरकारबाट लगानी आवश्यक रहेको स्थानीयको भनाइ छ । महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा स्थापित रास ताललाई आर्थिक समृद्धिको आधारका रूपमा विकास गर्न सकिने सम्भावना रहेकाले समिति संरक्षणमा जुटिरहेको छ ।

# पूरा हुने भयो कृष्णबहादुरको ‘ओत लाग्ने सपना’



**इलाम, चैत १५।** हरेक हावाहुरीसँगै कृष्णबहादुर लिम्बूको मनमा टाँटीको घर उड्उलाकी भन्ने चिन्ता शुरु हुन्छ । वर्षापछि छानोबाट झर्ने पानीसँगै उनका पीडा र कष्ट पनि चुहिन्छन् ।

इलाम नगरपालिका-५ भार्लेनीका ५८ वर्षीय कृष्णबहादुर लिम्बूको ठूलो सपना छैन । एउटा ओतलाग्ने घर, जहाँ झरी पर्दा भिज्न नपरोस् र हावाहुरी चल्दा डराउन नपरोस् । तर, उनका लागि सहज रूपमा जीविकोपार्जनमा समस्या छ ।

फरक क्षमता (अपाङ्गता) भएका लिम्बू स्पष्टसँग बोल्न सक्दैनन् । बाँसको टाँटीले बेरिएको जीर्ण घरमा उनी, श्रीमती र नौ वर्षीया कान्छी छोरीसँग बस्दै आएका छन् । ‘हावाहुरी चल्दा, पानी पर्दा मन पोल्छ’ -कृष्णबहादुरले श्रीमती र छोरीलाई देखाउँदै भने- ‘यिनीहरूलाई ओताउने घर बनाउने मन छ ।’

दैनिक ज्यालादारी गरेर परिवारको जीविकोपार्जन गर्नु उनको बाध्यता हो । गाउँघरमा दाउरा काट्ने, कटेरो बनाउने, मल बोक्ने लगायत मजदुरी गरेर उनले गुजारा चलाउँदै आएका छन् । सीमित आम्दानीबीच पनि उनले एउटा गाई, केही बाख्रा र सुङ्गुर पालेका छन् । ‘त्यसैको आम्दानीले हातमुख जोड्न सकेका छौं, छोरीको स्कूल खर्च धान्ने पनि त्यसैबाट हुन्छ’ -कृष्णबहादुरले भने ।

उनका तीन सन्तान छन् । दुई छोरीमध्ये एक जनाको विवाह भइसकेको छ भने छोरालाई आफन्तकोमा राखेका छन् । अहिले कक्षा ६ मा पढ्दै गरेकी नौ वर्षीया कान्छी छोरी उनीसँग छिन् । दुई कोठे सानो घर, एउटा भान्सा र शौचालयसहितको सुरक्षित बास उनको जीवनको सपना हो । गाउँघरमा जोसँग भेट भए पनि उनी यही कुरा दोहोर्‍याउँछन्- ‘घर बनाउनु छ ।’ उनको बोली अस्पष्ट भए पनि भावनाले सबैलाई छुन्छ ।

यसैबीच उनको अवस्थाबारे थाहा पाएपछि नेपाल पत्रकार महासङ्घ इलामका पूर्व अध्यक्ष सटेन्द्र जबेगूले सामाजिक सञ्जालमार्फत घर निर्माण अभियान शुरु गरेका छन् । फेसबुकबाट शुरु भएको उक्त अभियानले छोटो समयमा उल्लेख्य साथ पाएको छ ।

‘हालसम्म करिब रु. तीन लाख ५० हजार सहयोग सङ्कलन भइसक्यो’ - जबेगूले भने- ‘कृष्णबहादुरको नाममा बैंक खाता खोलेर सहयोग सङ्कलन भइरहेको छ । बैशाखसम्म कम्तीमा रु. पाँच लाख सङ्कलन गरेर घर निर्माण शुरु गर्ने लक्ष्य छ ।’ कृष्णबहादुरको चाहना अनुसार दुई कोठा, भान्सा र शौचालयसहितको घर बनाउने तयारी भइरहेको उनले जानकारी दिए ।

जीवनभर सङ्घर्षमा बिताएका कृष्णबहादुरसम्म आफ्नो सपना पूरा हुन लागेको खबर पुगेको छ । उनले हँसिलो मुहारमा घर बनाउने घडेरी देखाउँदै भने- ‘गरीबको भाग्य फेरिन्छ भन्ने सुनेको थिएँ ।’

# ‘जक’ अभियोगमा पक्राउ

**उदयपुर, चैत १५।** उदयपुरमा १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चौदण्डीगढी नगरपालिका-७ डाँडाबारी बस्ने १९ वर्षीय अनिल विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ ।

अनिलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# ब्राउनसुगरसहित पक्राउ

**झापा, चैत १५।** भद्रपुर नगरपालिका-४ डाँगीबारीबाट लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ आठ ग्राम तीन सय ८० मिलिग्रामसहित अर्जुनधारा नगरपालिका-११ बुट्टाबारी बस्ने १७ वर्षीय किशोर समेत दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको प्रहरीले जनाएको छ ।

# लेक लागेर मृत्यु

**ताप्लेजुङ, चैत १५।** समृद्ध पहाड संस्थामा कार्यरत योजना अधिकृत चन्द्रजङ्ग हमालको लेक लागेर मृत्यु भएको छ ।

जुम्लाको कनकासुन्दरी गाउँपालिकाका ३३ वर्षीय हमालको ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६ स्थित लोनाक क्षेत्रमा कामको सिलसिलामा गएका बेला लेक लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवम् सूचना अधिकारी जटाशङ्कर यादवका अनुसार हमाल समृद्ध पहाड संस्थामा योजना अधिकृतका साथै कञ्चनजङ्घा संरक्षण क्षेत्र आयोजनामा पनि कार्यरत थिए ।

कामका लागि उच्च हिमाली क्षेत्रमा पुगेका बेला शनिबार बिहान लेक लागेर बिरामी परेका हमालको सोही क्षेत्रमा मृत्यु भएको उनले जानकारी दिए । हमालको शव परीक्षणसहित आवश्यक कानूनी प्रक्रिया पूरा गर्न एभरेष्ट एयरको हेलिकप्टर मार्फत काठमाडौं लगिएको प्रहरी निरीक्षक यादवले उल्लेख गरे ।


**SUNMAI SPRING**
‘थोपा-थोपामा जीवन छ’
HACCP | ISO 9001:2015 CERTIFIED COMPANY | स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
“सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा’
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
कलर दोकान
बिर्तामोड नगरपालिका-४,
भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System | TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरुः ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या | बाथ | मुदु सम्बन्धी समस्या | थाईराईड | राति निद्रा नलाग्ने | रक्तचाप | छाती दुख्ने | मधुमेह | फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposjte of Paschim Bus Stand

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)